**श्री शाखा प्रमुखज्यूहरु र वडा सचिवहरु :** नगर शिक्षा शाखा, सामुदायिक विकास शाखा, आर्थिक प्रशासन शाखा, स्वास्थ्य शाखा, आर्थिक विकास शाखा, सूचना प्रविधि शाखा, आन्तरिक लेखापरीक्षण शाखा, राजश्व शाखा, महिला विकास इकाई, पूर्वाधार विकास शाखा, कर्मचारी प्रशासन शाखा, कृषि विकास शाखा, पशु सेवा शाखा, प्रधानमन्त्री रोजगार कार्यक्रम, विद्युत इकाई, जिन्सी इकाई, नापी उपशाखा, घर नक्शा उपशाखा, लगायत सबै शाखा र इकाई तथा उपशाखाहरु, मेचीनगर नगर कार्यपालिकाको कार्यालय, झापा ।

**निम्न निर्णयहरु सम्बन्धित सबैबाट स्वतःस्तफूर्तरुपमा कार्यान्वयन हुन अनुरोध छ ।**

– प्रमुख प्रशासकीय अधिकृत

**बोद्यार्थ**

श्रीमान् प्रमुखज्यू, मेचीनगर नगर कार्यपालिकाको कार्यालय, झापा ।
श्रीमान् उपप्रमुखज्यू, मेचीनगर नगर कार्यपालिकाको कार्यालय, झापा ।

**मिति : २०७६/१०/०९**

आज मिति २०७६ साल माघ महिनाको ०९ गते विहिवार दिनको ठीक ३:०० बजे मेचीनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीमान् महेन्द्रकुमार खाम्याहाङ्गको अध्यक्षतामा विविध विषयमा छलफल गर्न नगर कार्यपालिकाको कार्यालयको स्टाफ बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति**

१. श्री महेन्द्र कुमार खाम्याहाङ्ग, प्र.प्र.अ दस्तखत

२. श्री होमनाथ भण्डारी, प्रमुख शिक्षा शाखा, दस्तखत

३. श्री इन्द्र व. थापा, दस्तखत

४. श्री अनन्त प्रकाश वस्ती, दस्तखत

५. श्री दीपेन्द्र कार्की आ.वि.शा. प्रमुख दस्तखत

६. श्री चक्रपाणि खनाल, कर अधिकृत, दस्तखत

७. श्री विशाल जवेगु, ईन्जिनीयर, दस्तखत

८. श्री पदम वहादुर कार्की, दस्तखत

९. श्री ईश्वर कुमार भट्टराई क.अ. योजना, दस्तखत

१०. भूपेन्द्र तामाङ्ग, सव-इन्जिनीयर, दस्तखत

११. श्री कृपा रेग्मी, रोजगार संयोजक, दस्तखत

१२. श्री जयन्ती खरेल, महिला विकास निरिक्षक,दस्तखत

१३. श्री रोहित आचार्य, ना.सु., दस्तखत

१४. श्री रामनारयण यादव, स्वा.शाखा, दस्तखत

१५. श्री विश्वदेव मुण्डा, राजश्व शाखा, दस्तखत

१६. श्री राजनकुमार भटवाल, दस्तखत

**प्रस्ताव तथा निर्णयहरु :**

**निर्णय नं. १.** यस नगरपालिकाको सूचनालाई व्यवस्थित वनाउन मेचीनगर नगरपालिकामा नगर सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न र उक्त नगर सूचना केन्द्रको प्रमुखमा कम्प्युटर अधिकृत श्री इश्वर कुमार भट्टराईलाई तोक्न स्वीकृतिका लागि नगर कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.** नगरपालिकाको भौतिक विकास र सेवा प्रवाहलाई प्रभावकारी वनाउन, सुशासन तथा पारदर्शिता कायम गर्न यस तथा मेचीनगर नगरपालिकाको आ. व. २०७६/०७७ को स्वीकृत वार्षिक वजेट अनुसारको २०७६ पौष मसान्त सम्मको योजना तथा कार्यक्रमको प्रगति विवरण तयार गरि पाँचौ नगरसभामा पेश गर्ने प्रयोजनको लागि संकलन, प्रशोधन तथा सम्पादन गरी प्रकाशन गर्न र यस पछि चौमासिक/वार्षिक रुपमा वुलेटिन तयार गरी प्रकाशन गर्न निम्नानुसारको प्रगति विवरण वुलेटिन प्रकाशन समिति गठन गर्ने निर्णय गरियो । साथै उक्त पहिलो बुलेटिन २०७६।११।३ गतेभित्र प्रकाशन भइसक्न समेत निर्णय भयो ।

**प्रगति विवरण बुलेटिन प्रकाशन समिति**

१. संयोजक, नगर शिक्षा शाखा प्रमुख श्री होमनाथ भण्डारी

२. सदस्य, सामाजिक विकास शाखा प्रमुख श्री अनन्तप्रकाश वस्ती

३. सदस्य, आर्थिक प्रशासन शाखा प्रमुख श्री पदमबहादुर कार्की

४. सदस्य सचिव, नगर सूचना केन्द्र श्री ईश्वरकुमार भट्टराई

**निर्णय नं. ३.** स्थानीय तहको निर्वाचन भएको अढाइ वर्ष भन्दा वढी समय व्यतित भइसक्दा समेत नगर कार्यपालिकाबाट यस नगर कार्यपालिको प्रवक्ता नियुक्ति हुन नसक्दा नगरपालिकाका निर्णयहरु सार्वजनिक गर्न र नगरपालिकाका गतिविधिहरु नियमित रुपमा आम सञ्चार माध्यममा प्रवाहमार्फत् सार्वजनिक गरी सुशासन प्रबद्धन गर्न कठिनाइ महसुस भएको हुँदा नगर कार्यपालिकाको निर्णय तथा गतिविधिहरुलाई नियमितरुपमा प्रवाह गर्नका लागि यथाशाक्य चाँडो प्रवक्ता तोकी सहजता दिन श्रीमान् प्रमुखज्यू र उपप्रमुखज्यूसमक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**. यस नगरपालिकाबाट प्रवाह गरिने सेवासँग सम्वन्धित सेवाग्राहीका निवेदन/ पत्रहरु कार्यालय प्रमुख तोकादेश नभएकै कारणबाट सेवाग्राहीहरु लामो समयसम्म कार्यालयमा अलमलमा परी ढिलासुस्ती भएको महसु भएको हुँदा अबदेखि सेवाग्राहीबाट पेश भएका निवेदन/ पत्र सम्बन्धित शाखा प्रमुखहरुले तोक आदेश गरी प्रचलित कानून वमोजिम कार्यान्वयनमा लैजाने गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ .** कार्यालयको कामको सिलसिलामा श्रीमन् प्रमुखज्यू, उपप्रमुखज्यूबाट र कार्यालय प्रमुखबाट निर्देशन भएका विषयहरु तत्काल कार्यान्वयन गर्ने, कार्यान्वयन गर्न नसकिने भए निर्देशन भएको भोलिपल्टभित्र कार्यान्वयन गर्न नसकिने कानूनी आधार र कारण सहित पेश गर्ने, त्यस पश्चात प्राप्त हुने कार्यालय प्रमुखको निर्देशन वमोजिम कार्य गर्ने निर्णय गरियो । साथै सम्वन्धित शाखा प्रमुखको राय र कार्यालय प्रमुखवाट स्वीकृत निर्णय उपर थप राय

लेखि कार्यालयको वातावरण विगार्ने कार्य नगरि शाखा, शाखा/उपशाखा प्रमुखले समन्वयका आधारमा कार्य सम्पन्न गर्ने अभ्यासको वातावरण तयार गरी कार्यालयलाई सेवाग्राही मैत्री वनाउने निर्णय गरियो ।

**निर्णय नं. ६ .** यस नगर कार्यपालिका कार्यालयको योजना तथा कार्यक्रमको संख्या अधिक भएका कारण प्राविधिक जनशक्तिले कार्यालय समयबाहिर योजना क्षेत्र जानुपर्ने र यस नगरपालिकाको भौगोलिक जटिलताका कारण यातायातको साधनको लागि इन्धन, वर्षादि, व्याग, जुत्ता, पञ्जा लगायत फिल्ड कार्यको लागि आवश्यक सामाग्री समेत व्यवस्थापन गर्नुपर्ने भएका कारण प्राविधिकहरुलाई प्रोत्साहन स्वरुप आवश्यक सामाग्रीका लागि रकम उपलब्ध गराउने र शाखा प्रमुख लगायतका कर्मचारीहरुलाई खर्च मापदण्ड वमोजिम तोकिएको सुविधाहरु तत्काल उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७.** यस नगरपालिका र बेलायतको Folkestone Town Council, UK वीच स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ११(८) को व्यवस्थाअनुसार भगिनी सम्बन्ध स्थानना गर्ने सन्दर्भमा यहि मिति २०७६।१०।२६ देखि २०७६।१०।३० गते तदानुसार सन् २०२० को फेब्रुअरी ९ देखि १३ सम्म उक्त शहरका प्रमुख लगायतको भ्रमण टोली नगरपालिकामा आउने सुनिश्चित भएको सन्दर्भमा सबै शाखा प्रमुखहरुले आआफ्नो शाखाको अभिलेख व्यवस्थित बनाउने, सरसफाईमा ध्यान दिने, आफु र शाखाअन्तर्गका कर्मचारीहरुलाई पोशाक र परिचयपत्र अनिवार्यरुपमा लगाउन व्यवस्था गर्ने तथा कार्यालय र कार्यालय परिसरको सरसफाई लगायत कार्यक्रम सम्पन्न गर्न आवश्यक सबै कार्यमा सबैले स्वत: अभिप्रेरित भई कार्य गर्न निर्णय गरियो ।

**निर्णय नं. ८.** यस नगरपालिकामा कार्यरत वरिष्ठ प्रशासकीय अधिकृत (अधिकृत तह आठौ) अनन्त प्रकाश वस्ती र लेखा अधिकृत (अधिकृत तह आठौ) श्री पदमवहादुर कार्कीको जेष्ठताको एकिन गर्न दुवैजनाको समायोजन हुन पुर्वको अधिकृत तह/ श्रेणीको नियुक्ति पत्र र स्थानीय तहमा समायोजन हुँदा प्राप्त गरेको पत्र राखी जेष्ठताका विषयमा देखिएको अस्पष्टताका सम्बन्धमा श्री संघीय मामिला तथा सामानय प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौंमा निर्देशनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

अन्त्यमा, आजको वैठक मासिक रुपमा शाखा प्रमुखहरुको वैठक वस्ने गरी वैठकका अध्यक्षज्यूबाट सबैप्रति आभार प्रकट गर्दै समापन गरियो ।